# प्रतिज्ञा पत्र

## "समुन्नत जुम्ला, सुखी जुम्लाबासी"– हाम्रो साझा संकल्प

## आदरणीय जुम्लाबासी दाजुभाइ तथा दिदीबहिनीहरू,

२१औँ शताब्दीको उषाकालमा उभिएको हाम्रो राष्ट्रलाई अब नयाँ चेत, नयाँ दृष्टि र नयाँ संकल्पको आवश्यकता छ। लोकतान्त्रिक आन्दोलनको गौरवशाली इतिहास बोकेकोनेपाली कांग्रेसकेवल एक राजनीतिक दल मात्र होइन—यो परिवर्तनको चेतना हो, त्याग र संघर्षको परम्परा हो, र सामाजिक न्यायप्रतिको अडिग प्रतिबद्धता हो। अब समय आएको छ, यही ऐतिहासिक धरोहरलाई समकालीन विकासको उज्यालो मार्गसँग जोड्ने।

पुरातन सोचका जन्जिर तोडेर प्रविधिमैत्री, पारदर्शी र जन–सहभागितामा आधारित शासन संरचना निर्माण गर्नु आजको युगधर्म हो। शासन केवल शक्ति प्रदर्शनको माध्यम होइन–यो जनविश्वासको प्रतिबिम्ब हो, आशाको संवाहक हो, र उत्तरदायित्वको कठोर परीक्षा पनि हो।

दूरदर्शी, साहसी र युवा ऊर्जा बोकेको नेतृत्वआदरणीय सभापती गगन कुमार थापाको मार्ग निर्देशनमा भावी सरकार निर्माण हुने विश्वासले मभित्र अदम्य साहस जागृत भएको छ। तपाईंहरूको माया, साथ र आशीर्वाद पाएर त्यस सरकारको एक जिम्मेवार अंगका रूपमा जुम्लाको आवाज राष्ट्रिय मञ्चमा गुञ्जायमान गराउने मेरो अटल प्रतिबद्धतामा तपाईंहरुको सहयोगको मलाई खाँचो छ।

द्वन्द्वकालको आँधीमा मृत घोषणा गरिएको जीवन, गरिबीको काखमा हुर्किएको अस्तित्व, र राजनीतिक ताप–रापमा खारिएको चेतनाले मलाई सिकाएको छ–सपना व्यक्तिगत हुँदा कमजोर हुन्छ, सामूहिक हुँदा अजेय बन्छ। परिवर्तन “म” को अहंकारबाट होइन, “हामी” को सहकार्यबाट जन्मिन्छ। त्यसैले मेरो अभियान कुनै व्यक्तिको महत्वाकांक्षा होइन,यो “मेरो” भन्दा माथि उठेर “हाम्रो” को साझा यात्रा हो।

जुम्ला–केवल भूगोल होइन, आत्मा हो। विकटताका पहाडहरू चिर्दै, अभावका बादलहरु फटाउँदै, संघर्षका काँडाहरु टेक्दै जुम्लाले सधैं सचेत र परिवर्तनमुखी नेतृत्वको खोजी गरिरहेको छ। आज त्यो खोजीलाई दिशा दिने ऐतिहासिक क्षण हाम्रो सामु उपस्थित छ।

म, दीप बहादुर शाही, प्रतिनिधि सभाका लागिनेपाली कांग्रेसका तर्फबाट उम्मेदवारका रूपमा तपाईंहरु समक्ष उभिएको छु–सत्ता प्राप्तिका लागि होइन, सेवा र समर्पणको संकल्पका साथ।

सडकहरू केवल ढुंगा र बिटुमिनका रेखा होइनन्; ती सम्भावनाका बाटा हुन्। शिक्षा केवल प्रमाणपत्र होइन; त्यो चेतनाको उज्यालो हो। स्वास्थ्य सेवा केवल उपचार होइन; त्यो जीवनको सुरक्षा हो। कृषि, स्याउ र जडीबुटीको बजारीकरण केवल व्यापार होइन; त्यो आत्मनिर्भरताको आधार हो। युवालाई स्वदेशमै रोजगारी केवल आर्थिक सवाल होइन; त्यो स्वाभिमानको रक्षा हो। यी सबै जुम्लाका साझा सपना हुन्—र ती सपनालाई संघीय संसदमा सशक्त स्वर दिनु मेरो पहिलो कर्तव्य हुनेछ।

काठमाडौँको सुविधाजनक कोठाबाट जुम्लाको वेदना बुझिँदैन; जुम्लाको माटोमा पसिना बगाएको प्रतिनिधिले मात्र त्यसको धड्कन सुन्न सक्छ। म त्यही धड्कनलाई राष्ट्रिय मञ्चमा प्रतिध्वनित गर्ने वाचा गर्दछु।

***आउनुहोस्, व्यक्तिगत आकांक्षालाई सामूहिक संकल्पमा रूपान्तरण गरौँ।***

***आउनुहोस्, जुम्लाको भविष्यलाई उज्यालो बनाउन हातेमालो गरौँ।***

जुम्लाको समग्र विकास, सुशासन र समुन्नत भविष्यका लागि मलाई आफ्नो अमूल्य मत दिई विजयी गराउनुहुन विनम्र, हार्दिक र दृढ अपिल गर्दछु।

किनकि यो मेरो अभियान मात्र होइन—यो हाम्रो साझा भविष्यको यात्रा हो।

प्रतिनिधी सभा निर्वाचनका सन्दर्भमामैंले तपशिल बमोजिमको प्रतिज्ञा पत्र यहाँहरु समक्ष प्रस्तुत गरेको छु:

**शिक्षा:**

१) सामुदायिकविद्यालयको गुणस्तर सुधारका लागि पर्याप्त भौतिक पूर्वाधार, कम्प्युटर ल्याव, प्राविधिक र गुरुकुल पाठशाला सहितको नैतिक शिक्षामा जोड दिनेछु र विध्यार्थीको अनुपातमा शिक्षक दरवन्दी मिलान गर्ने व्यवस्था मिलाउनेछु ।

२) कर्णाली प्राविधिक शिक्षालयलाई “प्राविधिक विश्वविद्यालय” बनाउन पहल गर्नेछु।


३) सिंजा बहुमुखी क्याम्पसको स्तरोन्नति र शैक्षिक कार्यक्रम थप्नको लागी आवश्यक पहल गर्नेछु ।

४) जडीबुटीको उत्पादन र प्रवद्धन गर्नको लागी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जडीबुटी अनुसन्धान केन्द्र स्थापना गर्नेछु ।

**स्वास्थ्य :**


१) “स्वस्थ जुम्लाबासी, समुन्नत जुम्ला"कार्यक्रम मार्फत घरघरमा बृद्ध, बालबालिका,सुत्केरी आमाहरूलाई निःशुल्क स्वास्थ्य परीक्षण र जनस्वास्थ्यका कार्यक्रमहरु सञ्चालन गर्नेछु ।

२) अति विपन्न नागरिकलाई निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गर्नुका साथै हालको स्वास्थ्य विमालाई प्रभावकारी बनाउन आवश्यक समन्वय गर्नेछु ।





**दिप बहादुर शाही**
**प्रतिनिधि सभा उम्मेदवार**



**नबिना के.सि. बडुवाल**
**समानुपातिक उम्मेदवार**

३) सिंजा क्षेत्रको लागी एउटा उपयुक्त स्थानमा ५० बेडको सुविधा सम्पन्न बिशेषज्ञ दरवन्दी सहितको अस्पतालको व्यवस्था गर्न पहल गर्नेछु।
४) आम सर्वसाधारणको मुख स्वास्थ्यलाई ख्याल गर्दै मुख स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु निरन्तर रुपमा संचालन गर्ने व्यवस्था मिलाउने छु ।
५) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको सेवा सुविधा थप गुणस्तरीय र प्रभावकारी बनाउनअत्याधुनिक उपकरण र भौतिक पूर्वाधारको लागि संघीय सरकार (मन्त्रालय) समक्ष पहल गर्नेछु।

## भौतिक पूर्वाधार

१)सुर्खेत–जुम्ला,जुम्ला बजार जलजला हुँदै सिंजा,नाग्म–गमगढी, पोखरा–जोमसोम–डोल्पा हुँदै जुम्लासम्म, सुर्खेत–जाजरकोट–टोप्ला हुँदै कुडारी सम्मकाराजमार्गहरुलाई स्तरोन्नती गर्न प्रयाप्त बजेट विनियोजनका लागी प्रभावकारी भुमिका निर्वाह गर्नेछु ।
२) सुर्खेत जुम्ला सुरुंगमार्गको प्रारम्भिक अध्ययन सम्पन्न भइसकेको हुँदा डिपिआर (DPR) बनाउनपहल गर्नेछु।
३)१० मेगावाटको हिमा जल विधुत आयोजना सिंजाको अध्ययन सम्पन्न भईसकेको हुँदा सो को निर्माणको लागी आवश्यक प्रकृया अगाडी बढाईनेछ ।
४) तिला नदीको सम्भाव्यता अध्ययन भईसकेको हुँदा ७२ मेगावाटकोहाइड्रोपावर निर्माण गर्न आवश्यक पहल गर्नेछु साथै स्थानीय समुदायलाई सेयर दिने व्यवस्थाको लागी नीति बनाउन सम्बन्धित निकायहरुसँग समन्वय गर्नेछु ।
५)"एक घर एक धारा" को व्यवस्था गर्नसंघीय सरकारसँगको सहकार्यमा लागु गरिएका कार्यक्रमको कार्यान्वयन गर्न लाग्नेछु।
६) जुम्लामा रहेका खेतीयोग्य जमिनमा प्रयाप्त सिंचाईको व्यवस्था गर्नेछु ।
७) समतामूलक सञ्चार प्रणाली र नेपाल टेलिकमसँग समन्वय गरी दुर्गम बस्तीहरूमा फोर जि टावर निर्माण गर्नेछु।
८) हरेक सामुदायिक विद्यालयमा छात्रावास, खानेपानी र सुविधायुक्त विद्यालय भवन निर्माण गर्नेछु।

## कृषि र जडिबुटी

१) स्याउ विकास वोर्ड मार्फत"एक घर एक स्याउ बगैंचा" र कम्तीमा "एक घर एक रोजगार योजना" लागु गर्न आवश्यक पहल गर्नेछु ।
२) रैथाने खाद्यान्न बालीको उत्पादन, बजारीकरण र उपयुक्त मूल्य निर्धारण गर्नको लागी कृषि मन्त्रालय र अन्य कृषि संघ संस्थासँग आवश्यक सहकार्य गर्नेछु ।साथै किसानको उत्पादनलाई प्रवद्धन गर्नको लागी प्रशोधन केन्द्र र कोल्ड स्टोर निर्माणको लागी प्रभावकारी भुमिका निर्वाह गर्नेछु ।
३) यार्सागुम्वा, गुच्ची च्याउ,जटामसी, कटुकी, सेताचिनी, बनलसुन,लगायत अन्य जडिबुटीको व्यावसायिक उत्पादनका लागि आवश्यक पूर्वाधारका साथै जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्नेछु।
(४)व्यवसायिक तरकारी खेती, फलफुल खेती, विरुवाहरुकोउत्पादन र बजारीकरण गर्ने र किसानहरूलाई प्रोत्साहन गर्नको लागीसहुलियतपूर्ण ऋणको व्यवस्था मिलाउने तथा उत्कृष्ट किसानलाई पुरस्कारद्वारा सम्मान गर्ने व्यवस्था गर्नेछु।
५) विश्वको सबैभन्दा उच्च स्थानमा मार्सी धान फल्ने छुमज्युलोको संरक्षण गर्दै व्यावसायीक खेती गर्न किसानलाई प्रोत्साहित गरिनेछ ।

## संस्कृति ,पर्यटन र अन्य

१)जुम्लालाई पर्यटकिय शहरको रूपमा विकास गर्न आवश्यक पर्यटन पुर्वाधारको विकास गरी सिंजा उपत्यकाका कनकासुन्दरी, विराट दरवार, पाण्डवगुफा, लामाथाडा, केदारनाथ मन्दिर,रुपीछडा झरना,तातोपानी, नदै खोप्डी, भाञ्ज पाटन देवस्थल, ठाकुरज्यु, चन्दननाथ भैरवनाथ मन्दिर, पाताराशी हिमाल, खाली पाटन, शंकर झरना, आकासे ताल, गुठीचौर लागयतका अन्य पर्यटकिय केन्द्रको संरक्षण र प्रवर्द्धनका लागी आवश्यक व्यवस्था गर्नेछु ।
२)जुम्लाका ऐतिहासिक मन्दिर तथा गुम्बाका साथै अन्य धर्मावलम्वीहरुको आस्थाको धरोहरहरुको संरक्षण र प्रवर्द्धन गर्न जोड दिनेछु ।
३)खस भेषभूषा, भाषा तथा पुरातात्विक सम्पदाको संरक्षण गर्दै विश्वभर फैलिएका खस भाषाभाषी तथा जातजातिको ऐतिहासिक केन्द्र सिंजालाई अन्तर्राष्ट्रिय रूपमा चिनाउन सरकारमार्फत कानून निर्माण गरी सिंजा खस संरक्षण केन्द्र सम्बन्धी विधेयक ल्याउन पहल गर्नेछु।
४) पातारासीमा रहेको हाईअल्टीच्युड ट्रेनिंग सेन्टरलाई निर्माण सम्पन्न गर्नको लागी आवश्यक बजेटको व्यवस्था गरी चाँडै सञ्चालन ल्याउन विशेष पहल गर्नेछु ।

**बदलियो कांग्रेस, बदल्छौं देश**
**मतदान गरौं, बुझेर परिवेश**



दिप बहादुर शाही
प्रतिनिधि सभा निर्वाचन उम्मेदवार



नबिना के.सि. बडुवाल
समानुपातिक उम्मेदवार